सुवास चन्द्र शिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख



## मिति २०८३ साल भाद्र ३१ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ५२ औ बैठकका निर्णयहरु।

प्रस्तावहरु:

१. तुलसीपुर उपमहानगरपालिकाको भू-वर्गिकरण सम्वन्धमा।
२. ५१ औ नगरकार्यपालिकाको वैठकको कार्यान्वयन प्रगति समिक्षा सम्वन्धमा।
३. तुलसीपुर उपमहानगरपालिकाको कार्यसम्पादन मूल्याङ्कन (LGPAS) को चालु आर्थिक वर्ष २०८३।८४ को वार्षिक कार्ययोजनामाथि छलफल गरी पारित गर्ने सम्वन्धमा।
४. तुलसीपुर उपमहानगरपालिकाको वडा नं ४ अन्तर्गत सुमित्रा कुमारी पुन र हिरालाल वलीको नाममा रहेको निजि जग्गाको प्रारम्भिक वातावरणीय परिक्षणका लागि कार्यसूची छलफल गर्ने सम्वन्धमा।
५. फोहोरमैला व्यवस्थापन सुपरभाइजर (स्वीपर नाईके) लाई सञ्चार/सम्पर्क खर्च उपलव्ध गराउने सम्वन्धमा।
६. विपदमा परेको नागरिकको लागि राहत उपलव्ध गराउने सम्वन्धमा।
७. कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ छलफल गरी स्विकृत गर्ने सम्वन्धमा।
८. विषयगत समितिका प्रतिवेदन माथि छलफल सम्वन्धमा।
९. उपभोक्ता समिति मार्फत काम गर्ने रकमको सीमा र उपभोक्ता समिति दर्ता प्रक्रिया सम्वन्धमा छलफल।
१०. विविध।

निर्णयहरु:

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा भूउपयोग ऐन, २०७६ को दफा ४ को उपदफा ६ भूउपयोग नियमावली, २०७९ को नियम ५ अनुसार सवै स्थानीय तहले भूउपयोग क्षेत्र वर्गीकरण गरी लागु गर्नु पर्ने व्यवस्था वमोजिम तुलसीपुर उपमहानगरपालिकामा गठन भएको भूउपयोग परिषदले संशोधन सहित स्वीकृत गरेको अन्तिम कित्तागत विवरण स्वीकृत गरी भूमि प्रशासन र नापी कार्यालयमा लेखि पठाउने निर्णय गरियो।

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत भएको मिति २०८३ भाद्र ५ गते को ५१ औ कार्यपालिका वैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था र प्रगति सम्वन्धमा छलफल गरियो।

सुवास चन्द्र शिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

सुवास चन्द्र शिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७२

**मिति २०८३ साल भाद्र २१ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ५२ औ बैठकका निर्णयहरु**

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिकाको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को चालु आर्थिक वर्ष २०८३।०८४ को वार्षिक कार्ययोजनामाथि छलफल गरी पारित गर्ने निर्णय गरियो।

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा निजी जग्गाको ढुङ्गा, गिट्टी, वालुवा, माटो आदि उत्खनन संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्वन्धी कार्यविधि, २०७६ को दफा ६ अनुसार तुलसीपुर उपमहानगरपालिकाको वडा नं ४ अन्तर्गत सुमित्रा कुमारी पुन र हिरालाल वलीको नाममा रहेको निजि जग्गाको प्रारम्भिक वातावरणीय परिक्षणका लागि कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा फोहोरमैला व्यवस्थापन कार्यमा खटिनुभएका सुपरभाइजर (स्वीपर नाईके) श्री महेश चौधरीलाई कार्यक्षेत्रमा सहज रुपमा समन्वय र सम्पर्क कायम राख्नका लागि प्रोत्साहन स्वरुप मासिक रु ५,००० (पाँच हजार) उपलव्ध गराउने निर्णय गरियो।

**निर्णय नं ६**

प्रस्ताव नं ६ माथि छलफल भई निम्न निर्णयहरु गरियो:

(क) तुलसीपुर उपमहानगरपालिकाले नगरक्षेत्रभित्र हुनसक्ने विभिन्न प्राकृतिक तथा गैर-प्राकृतिक विपद्हरू (जस्तैः आगलागी, बाढी, पहिरो, चटयाङ, डुबान, महामारी, आँधीहुरी, दुर्घटना आदि) बाट प्रभावित हुने नागरिकहरूलाई तत्काल राहत, पुनःस्थापना र क्षतिपूर्ति प्रदान गर्न तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाका विभिन्न बैठकहरूबाट स्वीकृत राहत मापदण्ड अनुसार तोकिएको दरमै सहायता प्रदान गर्ने निर्णय गरियो।

(ख) २०८३ भाद्र १० गते भोटेकोशी नदिमा आएको वाढीवाट वेपत्ता र मृत व्यक्तिका तुलसीपुर उपमहानगरपालिकामा वसोवास गर्ने स्थाई वासिन्दाहरुको घरपरिवारको लागि प्रति व्यक्ति रु १ लाख प्रदान गर्ने साथै सो घटनामा परी वेपत्ता भएका यस उपमहानगरपालिकाका नागरिकहरुको खोज, उद्धार र राहत कार्यको लागि नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

(ग) २०८३ भाद्र १० गते भोटेकोशी नदिमा आएको वाढीको घटनामा परि वेपत्ता भएका तुलसीपुर उपमहानगरपालिकामा वसोवास गर्ने वासिन्दाहरुको घटनास्थलमा पुगी खोज र उद्धारमा खटिनुभएका तुलसीपुर उपमहानगरपालिकाका जनप्रतिनिधिहरुको यातायात खर्च र विल वमोजिमको अन्य नियमानुसारका खर्च कार्यालयवाट व्यहोर्ने निर्णय गरियो।

सुवास चन्द्र शिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

## मिति २०८३ साल भाद्र ३ गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ५२ औ वैठकका निर्णयहरु।

**निर्णय नं ७**

प्रस्ताव नं ७ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिकाको "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" माथि छलफल गरी सो कार्यविधि स्विकृत गर्ने निर्णय गरियो।

**निर्णय नं ८**

प्रस्ताव नं ८ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिका रहेका विषयगत समितिहरुले पेश गरेको प्रतिवेदन माथि छलफल गरियो। साथै, विषयगत समितिहरुका वैठक नियमित रुपमा सञ्चालन गर्न समितिका संयोजकहरुलाई अनुरोध गरियो।

**निर्णय नं ९**

प्रस्ताव नं ९ माथि छलफल गर्दा निम्नानुसार निर्णय गरियो:

(क) तुलसीपुर उपमहानगरपालिकामा आ.व २०८३/०८४ का लागि विनियोजित वार्षिक वजेट तथा कार्यक्रम उपभोक्ता समिति मार्फत रु १०,००,००० (दश लाख) सम्म रकमको सीमा तोक्ने निर्णय गरियो। साथै रु १० (दश) लाखसम्मका नगरस्तरीय योजनाहरु वडा कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

(ख) सार्वजनिक खरिद नियमावली २०६४ को सोह्रौं संशोधन अनुसार नियम ९७ को उपनियम (१) मा रहेको प्रावधान अनुसार उपभोक्ता समिति दर्ता प्रक्रियाका लागि तुलसीपुर उपमहानगरपालिकाको उपभोक्ता समितिको गठन परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०८२ मा आवश्यक संशोधनका लागि विधायन समितिमा पठाउने निर्णय गरियो।

**निर्णय नं १०**

विविध

क) यस कार्यालयको रा १ झ २११ नम्वरका एम्वुलेन्स चालक तुलसीपुर ०६, दाङ निवासी श्री पदम वली मिति २०८३ श्रावण २३ गते विरामिलाई नेपालगञ्ज लैजाने क्रममा भएको सडक दुर्घटनाको कारण थुनामा रहेकाले अदालतवाट अन्तिम फैसला भएको मितिसम्म कानुनी प्रकृयाको क्रममा लागेको सम्पूर्ण आर्थिक खर्चको व्ययभार यस कार्यालयमार्फत भुक्तानी निर्णय गरियो।

कुमार चन्द्र शिवाकोटी
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख